# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## यी १० सामान्य आपत्तिहरूको बारेमा के ?

**१. आदमले हव्वाको नाम राखे, त्यसैले उनी नै जिम्मेवार हुन्।**

त्यहाँ दुईवटा नामकरणहरू थिए। पहिलो नाम उत्पत्ति २:२३ मा आनन्दबाट आएको थियो। पुरूषले संसारको पहिलो कविता ("मेरो हाडको हाड, मेरो मासुको मासु") मा उनीहरूको समानता बारे वर्णन गरे, समान सहयोगीको खोजी त्यहाँ आएर समाप्त भयो। त्यहाँ कुनै सङ्केत छैन कि त्यो मानिस उनको जिम्मामा थियो, तर उनी छक्क र रोमाञ्चित थिए! दोस्रो पटक पुरूषले स्त्रीको नाम उत्पत्ति ३:२०मा राखेका थिए। यस कथामा, तिनीहरू एकताबद्ध थिएनन्, र तिनीहरू पापरहित थिएनन्। तिनले उनलाई जैविक प्रक्रिया ("सबै जिवितहरूको आमा") को रूपमा बोलाए। त्यसबेलादेखि, अथवा त्यो पतन पछि संसारमा, तिनले उनीमाथि शासन गरिरहेको थियो।

> मुख्य शब्द
>
> **आपत्तिहरू...**
>
> प्राय दोस्रो एजेन्डा लुकाउँछन्

**२. हव्वाले आदमको परिवारको नाम लिएका थिइन्।**

वास्तवमा, दुबैलाई "आदम"मानवजाति भनिन्थ्यो। उत्पत्ति ५:१–२ हेर्नुहोस्। "आदम" सधैं उचित नाम थिएन। आज केही संस्कृतिहरूमा, स्त्रीले पुरूषको अन्तिम नाम लिन्छ। धेरै एशियाली संस्कृतिहरूमा, स्त्रीहरूले विवाहमा आफ्नो अन्तिम नाम राख्छन्, र छोराछोरीले बुबाको नाम लिन्छन्।

**३. हव्वाले नेभाराका पातहरू सिलाईन्।**

पाठमा छैन। हव्वाले नेभाराको पात सिलाएको दाबी गर्ने मानिसहरूले पाठमा आफ्नो विश्वदृष्टिकोण पढिरहेका छन्।

**४. पहिलो मानिस आफ्नी पत्नीको कुरा "सुनेको"कारण समस्यामा पर्‍यो।**

परमेश्वरले केवल तथ्यहरू भन्नुभयो (उत्पत्ति ३:१७)। सुन्दा अनाज्ञाकारिता जनाउँदैन। निषेधित रुखको फल खानु अवज्ञा थियो। परमेश्वरले अब्राहामलाई आफ्नी पत्नीको कुरा सुन्न पनि भन्नुभयो (उत्पत्ति २१:१२)।

**५. पुरूष पहिले सृष्टि गरिएको थियो, त्यसैले उनी अगुवा हुन्।**

पुरूषको सृष्टि स्त्रीको भन्दा पहिले भएको थियो तर पुरूष भन्दा पहिले के सृष्टि भएको थियो? जनावर, बिरूवा, जमीन।

**६. स्त्रीहरू सजिलै छलमा पर्छन्।**

के तपाईं कुनै मूर्ख मान्छे चिन्नुहुन्छ? हामी चिन्छौं। के तपाईं कुनै मूर्ख महिलालाई चिन्नुहुन्छ? हामी चिन्छौं। बौद्ध, इस्लाम, मार्क्सवाद/साम्यवाद, मोर्मोनिजम सुरू गर्ने पुरूष वा महिला थिए? वास्तवमा, यो पुरूषहरूले ती बिचारधाराहरू सुरू गरे जसले शाब्दिक रूपमा अरबौं मानिसहरूलाई प्रभाव पार्छ। शत्रुले कुनै पनि लिङ्गीलाई धोका दिन सक्छ। ईश्वरीय महिलाहरूको दिमाग, हृदय र अन्तर्ज्ञानमा भरोसा गर्नुहोस्।

**७. महिलाहरू घरमै बस्नुपर्छ।**

त्यो बाइबलमा कहाँ छ? यो त्यहाँ छैन। परमेश्वरले पुरूष र स्त्री दुवैलाई "पृथ्वीमा शासन" गर्न निर्देशन दिनुभयो। पावलले स्त्रीहरूले आफ्नो घर राम्रोसँग व्यवस्थापन गर्न निर्देशन दिए (१ तिमोथी ५:१४)। तीतस २:४–५ मा पावलले "अल्छे/बेकामे" (१:१२)लाई घरमा "व्यस्त/काम" गर्ने सँगको भिन्नता बारे बताए। उनले स्त्रीहरूलाई त्यहाँ बस्न भनेन। के तपाईं घरबाहिर काम गर्ने बाइबल स्त्रीको बारेमा बिचार गर्न सक्नुहुन्छ? हामी सक्छौं!

**८. बाइबलमा कुनै महिला पास्टरहरूको नाम दिइएको छैन।**

त्यसो त एक जना पुरूष पास्टरको नाम पनि छैन। *पास्टर* शब्द नयाँ करार एफिसी ४:११ मा **एक पटक** मात्र प्रयोग गरिएको छ। प्रारम्भिक चर्चमा "वरिष्ठ पास्टरहरू", "कार्यकारी पास्टर", "शिक्षा दिने पास्टर" वा अरू कुनै आधुनिक विकल्पहरू थिएनन्।

**९. पुरूषहरू घरका "भविष्यवक्ता, पुजारी र राजा" हुन्।**

आराम गर्नुहोस्, भाइहरू। येशू तीनवटै हुनुहुन्छ, तर बाइबलले कहिल्यै पनि जिम्मेवारी तपाईंको हो भनी भन्दैन। पुरानो/नयाँ नियममा, यी कर्तव्यहरू कहिल्यै एक व्यक्तिसँग जोडिएका थिएनन्। केवल येशूले मात्र यी सबै तीनवटै जिम्मेवारी पूरा गर्न सक्नुहुन्छ!

**१०. पुलपिटमा एउटी महिला हुनु भनेको: "चर्चमा अनैतिकता स्वीकारको कारण र प्रभाव, वा औंला दिंदा हातै निले जस्तो।" हो।**

नारी हुनु पाप होइन, न त नारी हातै निल्ने मान्छे जस्तै हो ! जे राम्रो र पवित्र छ त्यसलाई ग्रहण गर्नुहोस्। अपमानजनक, लाजमर्दो पाप अश्वीकार गर्नुहोस्। एक व्यक्तिलाई चर्चमा नेतृत्व गर्नको लागि के कुराले योग्य बनाउँछ बुझ्नुहोस्... धार्मिक जीवन र बृद्धि, परिपक्क विश्वास।

**११. अगुवा बिनाको विवाह भनेको:"कप्तान बिनाको जहाज जस्तै हो", "सेनापति बिनाको सेना जस्तै", "दुई टाउको भएको राक्षस जस्तै हो"!**

समानता जहाज वा सेनाहरूको लागि सही हुन सक्छ, तर तिनीहरू विवाहको सही चित्रहरू होइनन्। दुवैले नेतृत्व र अनुसरण गर्न सक्छन्, विभिन्न समयमा तिनीहरूको शक्तिको आधारमा, असल साथीहरूले जस्तै। दुई मुटु/मनहरू एकतामा काम गर्ने शक्तिशाली नमुना हो!

**धेरै आम आपत्तिहरू जसका सरल जवाफ छन्।**

### निष्कर्ष

परमेश्वरको चरित्र, परमेश्वरको राज्य र परमेश्वरको मिशनलाई ध्यानमा राख्नुहोस्। उहाँ आफ्ना खेतालाहरूको गुणात्मक बृद्धि गर्न चाहनुहुन्छ।

> **४ महत्वपूर्ण प्रश्नहरू**
>
> ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
>
> ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
>
> ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
>
> ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com